


रातो बङ्गला किताब

9789937643603

# आइहाल्यो बाघ

टीकाराम शर्मा पौडेल

चित्र : शान्ता हिताङ



*Publishing provided by*

**Rotary District 5010**
**Anchorage East Rotary Club**
**Central Alaska Retired Teachers Association, Anchorage**
**Helping Hand for Nepal, Alaska**

प्रकाशक : **रातो बङ्गला किताब**
पो.ब.नं. २०२, पाटनढोका, ललितपुर
फोन : ५५२२६१४, ५५३४३१८, ५५४२०४५
फ्याक्स : +९७७-०१-५५४७६१९
email: rbs@mos.com.np

© रातो बङ्गला किताब, २०७१

**ISBN: 978 9937 643 60 3**

सज्जा : चन्द्र डङ्गोल तथा भाइकाजी राजबाहक

मूल्य : रु. ७००

मुद्रक : जगदम्बा प्रेस प्रा.लि.
हात्तीवन, ललितपुर, नेपाल
फोन : ५२५००१७, ५२५००१८, ५२५००१९

## प्रकाशकीय

ससाना बाल बालिकाहरूको उमेर र स्तरअनुकूल पढाइ सिपको विकासमा मदत पुग्ने बाल साहित्यका पुस्तकको अभाव महसुस गरी 'रातो बङ्गला किताब'ले वि.सं. २०४९ देखि नै रोचक बाल साहित्य प्रकाशन गर्दै आएको छ । बाल बालिकाहरूमा पढ्ने बानीको विकास गर्न पर्याप्त मात्रामा पुस्तकहरू उनीहरूका सामु ल्याउनुको विकल्प छैन ।

बाल बालिकाहरू पढ्न सिक्दा पुस्तकमा भएका चित्र हेरेर नै रमाउँछन् र चित्रबाट नै पढ्न सिक्छन् । पुस्तक पढेर सुनाउँदा उनीहरूमा सुनाइ सिपको विकास हुन्छ र आफूलाई पढेर सुनाउनेसँग अपनत्वको भावना निर्माण हुन्छ । पुस्तकमा भएका जानकारीहरूको छलफलबाट उनीहरूलाई सिर्जनात्मकता, विश्लेषण र विवेकपूर्ण तर्कशक्तिको विकासमा सहयोग पुग्छ ।

वि.सं. २०४०-५० को दशकसँग दाँजेर हेर्दा आजभोलिका हाम्रा बाल बालिकाहरू निकै भाग्यमानी देखिन्छन् किनकि धेरै प्रकाशकहरूले रमाइला रमाइला बाल साहित्य बजारमा ल्याएका छन् तापनि मोफसलमा राम्रा राम्रा किताबहरू उपलब्ध गराउने चुनौतीको सामना गर्न बाँकी नै छ । बाल बालिकाहरूमा पढ्ने बानीको विकास गराउने उद्देश्यले 'रातो बङ्गला किताब'ले पनि यस्ता बाल पुस्तकहरू प्रकाशन गर्ने परम्परा बसालेको छ ।

'बाल साहित्य महोत्सव २०१५'को अवसर पारेर यो ठुलो किताब प्रकाशन गर्न पाउँदा हामी खुसी छौँ । ठुलो किताब पुरै कक्षाको समूहमा बसेर सबै विद्यार्थीहरूसामु पढिने किताब हो । प्रारम्भिक चरणका बाल बालिकाहरूले यस्तो किताबबाट धेरै सिक्ने मौका पाउँछन् । जस्तै– नेपाली भाषा बायाँबाट दायाँतिर लेखिन्छ, यो माथिबाट लेखिँदै तलतिर जान्छ । शिक्षकसँगसँगै विद्यार्थीहरूले पनि दोहोर्‍याउँदै पढ्छन् । उनीहरूले शब्दहरू कहाँ कहाँ छन् भनेर पत्ता लगाउँछन् र हेरेरै विभिन्न शब्दहरू चिन्न पनि थाल्छन् । शिक्षक तथा अभिभावकहरूले यस्ता ठुला किताबहरू घरी घरी पढिदिनुभएमा बाल बालिकाहरूलाई सजिलो पर्छ र उनीहरूको आफै पढ्ने रुचि बढ्दै जान्छ ।

यसका रङ्गिन कोलाज चित्रहरूले बाल बालिकाहरूलाई आकर्षित गर्छन् । यी चित्रहरू प्रभावकारी हुने हुँदा उनीहरूलाई कथा बुझ्न सजिलो हुन्छ । पढ्न नजान्ने बाल बालिकाहरूले पनि चित्र हेरी कथाले भन्न खोजको कुरा बुझ्न सक्छन् र चित्रहरूबाट उनीहरूले धेरै समयसम्म आनन्द लिन्छन् ।

'रातो बङ्गला किताब'का प्रकाशनहरू बाल बालिकाहरूप्रति समर्पित छन् ।



# आइहाल्यो बाघ

टीकाराम शर्मा पौडेल

चित्र : शान्ता हिताङ

परेवाका भालेपोथी
माकुर माकुर गर्थे




जोडी ढुकुर चारो टिपी
ढुकुर ढुकुर गर्थे



का-का गर्दै घुम्न थाल्यो
आकाशमा काग



गाई हेर्थ्यो गोठालाले
आइहाल्यो बाघ



गाईभैँसी भागिहाले
ठाडो पुच्छर लाई



कुखुराको दाउ हेर्थ्यो
छट्टु स्याल आई



जम्का भेट भइहाल्यो बाघसित स्याल



# सुइँकुच्चा ठोकिहाल्यो देखेपछि काल



कुखुराले कुखुरी काँ बल्ल भन्न पाए



# गाउँलेले चोरबाट बल्ल मुक्ति पाए





